अपिहिमाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०६ संख्या : २२ मिति : २०८०/०३/१०


भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

---

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको योजना छानविन सम्बन्धी कार्यविधि, २०८०

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति**

**२०८०।०३।०९**

**प्रस्तावना** : अपिहिमाल गाउँपालिकाका अघिल्ला आर्थिक वर्षमा निर्माण सम्पन्न भएर विभिन्न कारणबस भुक्तानी हुन नसकेका तथा अधुरा रहेका योजनाहरुको छानविन गर्न तथा भुक्तानी हुन नसक्नुका कारण, योजनाको अवस्था र भुक्तानीका लागि गाह्य हुन सक्ने अवस्थाको औचित्यता र सान्दर्भिकता पुष्टि गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u> : (१) यस कार्यविधिको नाम “अपिहिमाल गाउँपालिकाको योजना छानविन सम्बन्धी कार्यविधि, २०८०” हुनेछ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२.  **<u>परीभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "कार्यविधि" भन्नाले अपिहिमाल गाउँपालिकाको योजना छानविन सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ

(ङ) "छानविन गर्नु पर्ने योजना" भन्नाले अघिल्ला आर्थिक वर्षमा अपिहिमाल गाउँपलिकासँग सम्झौता भई कार्यसम्पन्न गरेका वा कार्य सम्पन्न नभई अधुरा रहेका र विविध कारणवस भुक्तानी हुन नसकि भुक्तानीको दायित्व सर्दै आएका योजना सम्झनु पर्दछ ।

(च) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपलिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(छ) "उपाध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ज) "वडा अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपलिकाको वडा अध्यक्ष सम्झनु पर्दछ।

(झ) "सदस्य" भन्नाले गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्दछ । सो शब्दले गाउँ सभाको सदस्य र योजना छानविन समितिको सदस्य समेतलाई जनाउँछ ।

(ञ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने छानविन समिति सम्झनु पर्दछ ।

(ट) "कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा कार्यालय समेतलाई जनाउँदछ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अपिहिमाल गाउँपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

३.  **<u>छानविन गर्ने आधारहरु</u>** : अघिल्ला आर्थिक वर्षहरुमा गाउँपालिकासँग सम्झौता भई भुक्तानीको दायित्व सर्दै आएका योजनाहरु भुक्तानीका लागि आर्थिक, प्राविधिक तथा प्रशासनिक ढंगबाट भुक्तानी गर्न उपयुक्त भए नभएकोबारे छानविन गर्न देहाय बमोजिमका आधारहरु हुनेछन।

(क) गाउँपालिका सँग सम्झौता भएको हुनु पर्नेछ ।

अपिहिमाल गाउँपालिका

(ख) भुक्तानीको दायित्व प्रत्येक आर्थिक वर्ष सर्दै आएको हुनुपर्नेछ ।

(ग) प्रचलित कानून बमोजिमका प्रकृयाहरु पुरा गरेर योजनाको सम्झौता भएको हुनुपर्नेछ ।

(घ) योजना भुक्तानी नभएको पुष्ट्याई हुने कारण खुल्नु पर्नेछ ।

(ङ) योजना छानविन गर्नको लागि दफा ४ बमोजिमको योजना छानविन समिति रहनेछ ।

४. **<u>योजना छानविन समिति</u>** : (१) योजना छानविन समिति देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका उपाध्यक्ष संयोजक -संयोजक

(ख) कार्यपालिकाबाट मनोनित एकजना महिला सहित दुईजना कार्यपालिका सदस्य -सदस्य

(ग) संयोजकबाट मनोनित गाउँ सभाका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना गाउँ सभाका सदस्य -सदस्य

(घ) सम्बन्धित वडा अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित वडा प्राविधिक -सदस्य

(च) पूर्वाधार विकास शाखाको प्रमुख -सदस्य

(छ) योजन शाखा प्रमुख सदस्य -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले सम्बन्धित उपभोक्ताको अध्यक्ष वा पदाधिकारी र सम्बन्धित ठेक्काको प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा बोलाउन सक्नेछ।

५. **<u>योजना छानविन प्रकृया</u>** : (१) छानविन समितिले सरोकारवाला समुदाय, बोलपत्रदाता वा निजको प्रतिनिधि र उपभोक्ता समितिको सहभागिता र अपनत्व हुने गरेर योजनाको छानविन गर्नु पर्नेछ ।

(२) छानविन समिति योजना निर्माण स्थलमा गएर छानविन गर्नेछ र छानविन पश्चात स्थलगत मुचुल्का सहित प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) छानविन समितिले गरेको छानविनको प्रतिवेदन गर्ने ढाँचा अनुसुचि-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) छानविन समिति गठन गरी भुक्तानी गरिएका योजनाको सम्बन्धमा उठेका कानूनी प्रश्नहरुको उत्तर र जिम्मेवारी छानविन समिति, कार्यपालिका र छानविनमा सलग्न व्यक्ति तथा पदाधिकारी हुनेछ ।

(५) छानविन समितिले छानविन गरेका योजनाहरुको विस्तृत विवरण र राय सहित कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

६. **<u>प्रतिवेदन</u>** : (१) छानविन समितिले छानविन गरेका योजनाहरुको विस्तृत विवरण र निर्णय सहितको प्रतिवेदन कार्यपालिका पेश गर्नेछ । छानविन समितिको प्रतिवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

(२) गाउँपालिका अध्यक्षले छानविन भई आएका चालु आर्थिक वर्षमा भुक्तानीका लागि स्रोत उपलब्ध भएका योजनाहरुको भुक्तानी र आगामी आर्थिक वर्षमा विगतका आर्थिक वर्षबाट भुक्तानी हुन नसकि दायित्व सर्दै आएका योजना वा ठेक्काहरुको भुक्तानीका लागि विनियोजन गर्नुपर्ने बजेट समेत उल्लेख गरी कार्यपालिकामा प्रस्तुत गरिनेछ ।

(३) कार्यपालिकाले गाउँपालिका अध्यक्षले पेश गरेको प्रतिवेदन उपर आवश्यक निर्णय गर्नेछ ।

७ **<u>योजना भुक्तानी प्रकृया</u>** : (१) कार्यपालिकामा पेश भएको प्रतिवेदन उपर आवश्यक छलफल भई ग्राह्य योजनाहरुको मूल्याङ्कन गरी भुक्तानी गर्न प्राविधिक शाखालाई निर्देशन गर्नेछ ।

(२) प्राविधिक शाखाले कार्यापालिकाको निर्देशन बमोजिम योजना निर्माण स्थलमा गई आवश्यक नापजाँच गरी प्राविधिक मुल्याङ्कन प्रतिवेदन र भुक्तानीको लागि औचित्यता समेत पुष्टि गरी भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतबाट योजना छानविन समितिको निर्णय प्रतिवेदन, कार्यपालिकाबाट भुक्तानीका लागि भएको निर्देश, प्राविधिक मुल्याङ्कनको प्रतिवेदन, लाभ ग्राहि समितिको मुचुल्काका आधारमा भुक्तानी दिन सक्नेछ सोको अन्तिम दायित्व दफा ५ को उपदफा (४) बमोजिमका पदाधिकारीहरूको हुनेछ ।

८. **<u>जिम्मेवारी र उत्तरदायित्व</u>** : (१) यस कार्यविधि अनुसार छानविनका क्रममा सम्पूर्ण योजनाहरुको जुनकुनै बेला आवश्यक अन्य विधि र प्रकृया समेत अवलम्बन गरी कार्यपालिकाका पदाधिकारी, सदस्य वा कर्मचारी समेत संलग्न गरी अध्ययन कार्य गर्नेछ।

(२) छानविन समितिले प्रचलित कानून बमोजिम कार्य सम्पन्न नभई योजना भुक्तानीका लागि गाउँपालिकाको दायित्व सिर्जना गराईएका योजनाको हकमा छानविन प्रकृयाबाट हटाईनेछ ।

९. **<u>दायित्व सिर्जनाको लागि सिफारीस</u>** : (१) छानविन समिति मार्फत छानविन भई भुक्तानिका लागि उपयुक्त ठहर भएका योजनाहरु वा ठेक्काको भुक्तानि स्रोतको अभावका कारण गाउँपालिकाले भुक्तानी गर्न नसकेमा आगामी आर्थिक वर्षमा भुक्तानीका लागि दायित्व सिर्जना गर्न गाउँपालिका अध्यक्षलाई सिफारिस गरिनेछ ।

(२) गाउँपालिका अध्यक्षबाट उपदफा (१) बमोजिम भएका योजनाहरुको प्रस्ताव कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

१०. **<u>छानविन गर्नुपर्ने योजना</u>** : छनविन गर्नु पर्ने योजनाहरूमा अघिल्ला आर्थिक वर्षमा सम्झौता भएर दायित्व सरेका योजना वा ठेक्काहरु छानविन गर्नुपर्ने योजना हुनेछन ।

११. **<u>संशोधन तथा बाधा अड्काउ फुकाउ</u>** : (१) यस कार्यविधिलाई गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिका उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

१२. **<u>यस कार्यविधि बमोजिम हुने</u>** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

अपिहिमाल गाउँपालिका

**अनुसुची-१**
**(दफा ६ सँग सम्बन्धित)**
**<u>छानविन समितिको प्रतिवेदनको ढाँचा</u>**

आयोजनाको नामः

लागत अनुमानः                                        सम्झौता भएको रकमः

बजेट स्रोतः                                        सम्झौता भएको मितिः

उपभोक्ता समिति वा बोलपत्रदाताको नाम :

उपभोक्ता समितिबाट कार्य भएमा सोको विवरणः

उपभोक्ता समितिका सदस्यको नामः

१.
२.
३.
४.
५.
६.
७.

उपभोक्ता समितिको अनुगमन समितिको विवरण

१.
२.
३.

गाउँपालिकास्तरीय अनुगमन समितिका सदस्यको नामः

१.
२.
३.
४.
५.

अघिल्ला आर्थिक वर्षमा भुक्तानी हुन नसक्नुका कारणहरु

१.
२.
३.

योजनाको अवस्था

१.
२.

अपिहिमाल गाउँपालिका

३.

उपभोक्ता समिति वा बोलपत्रदाताको योजनाका सम्बन्धमा भनाई

| नाम | पद | राय | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

छानविन समितिको निष्कर्ष

१.

२.

३.

छानविन गर्दा भएका अवरोधहरु

१.

२.

३.

योजना अनुगमन सदस्यहरुको राय तथा सुझावहरु

| नाम | पद | राय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

छानविन समितिले छानविनको क्रममा देखिएका विषय खुलाई भुक्तानी गर्न योग्य भए नभएको निर्णय।

| क्र.स. | योजनाको समस्या | छानविन समितिको निर्णय |
|---|---|---|
| १ | | |
| २ | | |

अपिहिमाल गाउँपालिका

प्रतिवेदन पेश गर्ने समितिका पदाधिकारीहरूको सही छाप ।

(क) गाउँपालिका उपाध्यक्ष संयोजक -संयोजक

(ख) कार्यपालिकाबाट मनोनित एकजना महिला सहित दुईजना कार्यपालिका सदस्य -सदस्य

(ग) संयोजकबाट मनोनित गाउँ सभाका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना गाउँ सभाका सदस्य -सदस्य

(घ) सम्बन्धित वडा अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित वडा प्राविधिक -सदस्य

(च) पूर्वाधार विकास शाखाको प्रमुख -सदस्य

(छ) योजन शाखा प्रमुख सदस्य -सदस्य सचिव

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत